# औरोरा पब्लिक स्कूल्स
## एक्सन (एसिटीआइओएन) जोन सम्बन्धमा अक्सर गरेर सोधिने गरिएका प्रश्नहरु (एफएक्यू)
अगष्ट २१,२०१५

**एक्सन जोन भनेको के हो ?**
एपिएसको रणनीतिक योजना, एपीएस २०२०: भविष्यको ढाँचा (भावी ढाँचा) बनाउने तथा एक्सन जोन डिजाइन प्लान, एपिएसले यस बर्ष एउटा एक्सन जोनको बिकास गर्ने तथा आउने बर्षमा अरु तीनवटा एक्सन जोन थप्ने प्रस्ताव गरेको छ। प्रत्येक एक्सन जोनहरुमा विद्यालयहरुको बिचमा एउटा बिषयगत लिँक हुनेछ, तथा जाने जोन भित्रका सबै विद्यालयहरुले समान विशेषताहरु बाँडचुड गर्नेछन्। जोनमा भएका प्रत्येक विद्यालयहरुलाई आ–आफ्नै विद्यालय विशेष योजना बनाउने अवसर हुनेछ। यी योजनाहरु कोलोराडो इन्नोभेसन स्कूल स्ट्ाटस (कोलोराडोको नवीनतम विद्यालयको हैसियत) को प्रयोगको अंग हुनेछन्। प्रयोगहरु र प्रत्येक विद्यालयको नयाँ ढाँचाले कर्मचारी (स्टाफ), समय र पैसालाई तथा विद्यार्थीको उपलब्धिलाई लाभ तर्फ डोऱ्याउने खालको नवीनतम हैसियत समेत आउने गरी बनेको कार्यक्रमलाई विद्यालयले कसरी स्वायततताको प्रयोग गर्नेछ भन्ने कुरालाई प्रष्टसंग र ठोसरुपमा देखाउने छ।

**एक्सन (एसिटीआइओएन) जोनमा भएका प्रथमाक्षरीहरु मा एसिटीआइओएनको तात्पर्य के हुन्छ ?**
एक्सन (एसिटीआइओएन) जोनमा भएका प्रथमाक्षरीहरु - एसिटीआइओएनकाको पूर्णरुप **औ**रोरा **क**म्यूनिटी **वे**स्ड **ट्**न्सफरमेसन, **इ**न्नोभेसन एण्ड **अ**परच्यूनिटी नेटवर्क (औरोराको समुदायमा आधारित रुपान्तरण, नवीनतमता तथा अवसरको सन्जाल) हो।

**के एक्सन जोनको सृजना गर्ने काम गर्नलाई राज्यले अनिवार्य गरेको थियो ?**
एक्सन जोनको सृजना गर्नका लागि राज्यले अनिवार्य गरिएको **थिएन**। नवीनतम बन्नका लागि समुदायसंगको सहकार्यमा विद्यालयहरुको ढाँचालाई पुनर्निर्माण, वास्तविक वा अनुभूत गरिएका अवरोधहरुलाई हटाउने तथा सिकाइका अवसरहरु र विद्यार्थीको उपलब्धिमा नाटकीय एवं शीघ्ररुपमा सुधार ल्याउने उपायको रुपमा देशभरका डिस्ट्रिक्टहरुले यस्तै किसिमका संरचनाहरु लागू गरेका छन्।

**विद्यालयहरुले किन नवीनतमको हैसियत (इन्नोभेसन स्ट्ाटस) लाई एक्सन जोनको अंगको रुपमा खोजिरहेका छन् ?**
विद्यार्थीको उपलब्धिको गति बढाउने काममा विद्यालयहरु र डिस्ट्रिक्टहरुले चुनौतीहरुको सामना गरेका छन्। नवीनतमको हैसियत (इन्नोभेसन स्टाटस) ले एक्सन जोनमा भएका विद्यालयहरुलाई फरक ढंगले सोच्न तथा हाम्रा विद्यार्थीहरु आफ्नो भविष्यहरुको सफल आकार दिन सक्ने हुन सकून भन्ने लक्ष्य अनुसार आफ्ना सबै विद्यार्थीहरुको उपलब्धिलाई माथि उठाउनका लागि आफ्नो विद्यालयको मोडेल (ढाँचा) हरुलाई पुनसंरचना गर्नमा उनीहरुलाई सक्षम बनाउनेछ।

**इन्नोभेसन स्ट्ाटस (नवीनतमको हैसियत) पाउनु भन्नाले त्यस्को तात्पर्य के हुन्छ ?**
स्टेट इनोभेसन स्ट्ाटस (राज्यले नवीनतमताको हैसियत) ले विद्यालयलाई मापनयुक्त एवं अतुलनीय संरचनाहरु, कार्यक्रमहरु तथा विद्यार्थीहरुलाई बिद्यालयमा अत्युत्तमरुपमा सेवा पुऱ्याउने खालको सञ्चालन ढाँचाहरुको योजना वनाउन दिन्छ। इन्नोभेसन स्ट्ाटस (नवीनतमको हैसियत) ले विद्यालयलाई संरचना, कार्यक्रम तथा प्रशासनको मोडलको अनूकुलित तथा अद्बितिय योजनाको बिकास गर्न अनुमति दिन्छ। मानिस, समय, कार्यक्रमहरु वा पैसालाई प्रभाव पार्ने खालको विद्यार्थीको उपलब्धिलाई प्रवर्धन गर्ने दृष्टिहरु लागू गर्नका लागि समग्र विद्यालय समुदायले सँगै मिलेर काम गर्नु पर्दछ। त्यस्को वदलामा, नवीनतमताको योजना लागू गर्नको लागि राज्यका निश्चित कानुनहरुवाट वा विद्यालय डिस्ट्रिक्टका नीतिहरुवाट छुट पाउन सक्नेछ। २००८ को इन्नोभेशन स्कूल एक्ट (नवीनतम विद्यालयहरु सम्वन्धी ऐन) ले नविनतम विद्यालयहरु (इन्नोभेसन स्कूल्स) को सम्भावना वनेको छ।

**एक्सन जोनहरु एपिएसमा भएका अन्य नवीनतम विद्यालयहरु जस्तो पाइलट विद्यालयहरु, एक्सपेडिशनरी लर्निङ विद्यालयहरु तथा चार्टर विद्यालयहरु भन्दा के कसरी फरक छन् ?**
विकसित भैरहेका हाम्रा चार्टर, पाइलट तथा डिस्ट्रिक्ट इन्नोभेसन विद्यालयहरुको वर्तमान जगमा टेकेर एक्सन जोनहरु निर्माण हुन्छन्। एक्सन जोन मोडेलले भविष्यको ढाँचा वनाउने भनी तर्जुमा गरिएको स्कूल डिस्ट्रिक्टको रणनीतिक योजना एपिएस २०२० को लक्ष्यहरु, मूल धारणाहरुलाई अगालेर जोनमा भएका विद्यालयहरुले लिएका लक्ष्यहरु तथा प्राथमिकताहरु एवं समुदायका आवश्यकताहरुलाई सम्मिश्रण गर्दछ। लक्षित नवीनतमताहरु तथा स्रोतहरुलाई प्रयोग गरेर समुदायको खास आवश्यकताहरुमा अनुक्रिया देखाउने गरी एक्सन जोनको परिकल्पना गरिने छ। यस्ले लचक र मापनयुक्त जग प्रदान गर्दछ जस्ले जोन भित्रका विद्यालयहरुमा विद्यार्थीहरुको अनुपम क्षमताहरु र परिस्थितिहरुलाई सम्वोधन गर्नेछ।

**विद्यालयहरुले एक्सन जोनमा कसरी भाग लिन्छन् ?**
- औरोरा पब्लिक स्कूल्सको प्रथम एक्सन जोनले निम्न दुई प्रमुख मापदण्डहरु पूरा गर्ने विद्यालयहरुलाई समावेश गर्ने छ :
    - विद्यालयहरु औरोरा सेन्ट्रल हाई स्कूलको शाखा प्रणालीमा पर्नुपर्दछ।
    - एक्सन जोनको गाँठी विषय (थेम) अनुसार विद्यालय ठीक हुनु पर्दछ।

- जोन एडभाइजरी कमिटी (जोनको सल्लाहकार समिति) ले गाँठी विषय (थेम) को छनौट नगरे सम्म औरोरा सेन्ट्रल हाई स्कूलको शाखा प्रणालीमा रहेका समस्त विद्यालयहरुले एक्सन जोनमा सहभागी हुने अवसर वारेको जानकारी प्राप्त गर्ने छन् ।

**मुख्य मुख्य खेलाडीहरु कोको हुन् वा यो प्रक्रियामा को को संलग्न हुनेछन् ?**

- आम अन्तरदृष्टि शिक्षा (मास इनसाइट एजुकेशन
- जोनको सल्लाहकार समिति (जोन एडभाइजरी कमिटी)
- जोनको परिकल्पना टोली (जोन डिजाइन टिम)
- विद्यालयको परिकल्पना टोली (स्कूल डिजाइन टिम)

**आम अन्तरदृष्टि शिक्षा (मास इनसाइट एजुकेशन) को हो ?**
आम अन्तरदृष्टि शिक्षा (मास इन्साइट एजुकेशन) एउटा नाफारहित शिक्षा सुधार संगठन हो जस्ले छुट्टाछुट्टै विद्यालयहरु, स्कूल डिस्ट्रिक्टहरु र राज्यसंग मिलेर अतिन्यून कार्यसम्पादन गर्ने, उनीहरुको विद्यालयलाई पुनसंरचना गर्न र विद्यार्थीहरुको आवश्यकताहरुलाई पूरा गर्नका लागि डिस्ट्रिक्टहरुलाई सुदृढिकरण गर्ने काम गर्दछ ।

**के मास इन्साइट (आम अन्तरदृष्टि) ले हाम्रो विद्यालयहरुलाई सञ्चालन गर्ने छ ?**
मास इन्साइट (आम अन्तरदृष्टि) कानुनद्धारा गठित संगठन होइन र यस्ले स्वतन्त्ररुपमा विद्यालयहरु सञ्चालन गर्दैन । डिस्ट्रिक्टले खेल्नु पर्ने भूमिका प्रबल छ भन्ने कुरामा मास इन्साइट (आम अन्तरदृष्टि) विश्वास गर्दछ र विद्यार्थीहरु र परिवारहरुलाई टेवा पुऱ्याउने उनीहरुको तरिकामा सुधार गर्नमा डिस्ट्रिक्टहरुलाई सहयोग गर्ने प्रयत्न यस्ले गर्दछ ।

**जोन एडभाइजरी कमिटी (जोनको सल्लाहकार समिति) के हो ?**

- एपिएसको सुपरीन्टेन्डेन्टद्धारा नियुक्त हुने जोनको सल्लाहकार समिति (जेडएसी) ओरिजिनल औरोरा (प्रारम्भिक औरोरा) संग सुदृढ सम्वन्ध भएका र एपिएसका ग्रेजुएटहरुको आर्थिक र उत्तर माध्यमिक अवसरहरुको वारेमा राम्रो ज्ञान भएका विविध पक्षका स्थानीय नेताहरुको एउटा समूह हो । जोनको सल्लाहकार समिति (जेडएसी) को पहिलो जिम्मेवारी मूल्याङ्कन गर्ने काम गर्नु र एक्सन जोनको लागि गाँठी विषय (थेम) छनौट गर्नु हो ।

- गाँठी विषय (थेम) छानिएपछि जोन एडभाइजरी कमिटि (जोन सल्लाहकार समिति) ले निम्न दुई भूमिकाहरु पूरा गर्ने छ :
    - विद्यालयको परिकल्पना टोली (स्कूल डिजाइन टिम) वाट एपिएसको शिक्षा वोर्डमा प्रयोगलाई अपनाउने सम्वन्धी कुरा जानु भन्दा पहिले जोन सम्वन्धी यस प्रयोगले गुणस्तरको मापदण्डलाई पूरा गर्दछ कि गर्दैन भनी सुपरीन्टेन्डेन्टलाई सिफारिस गर्ने
    - कोलोराडो राज्यको शिक्षा वोर्डलाई नवीनतमता सम्वन्धी प्रयोगहरु प्रस्तुत गर्नमा सुपरीन्टेन्डेन्टलाई सहयोग गर्ने

**जोन सल्लाहकार समिति (जोन एडभाइजरी कमिटि) मा को को समावेश हुनुहुन्छ ?** जोन सल्लाहकार समितिको सदस्यहरुमा नोर्म व्राउनस्टिन, जिम केलले, मरिना लेडेज्मा– अमोरोसी, मेरी लुइस, रुवेन मेडिना, जर्ज "स्किप" नो, डा. वेटसी औडनहोभेन, मैशा पोलार्ड, क्यारेन पोर्टर तथा आरोन थोम्पसन समावेश हुनुहुन्छ । ।

- जोन सल्लाहकार समितिका सदस्यहरुको जीवनीहरु हेर्नुहोस् ।

**जोनको परिकल्पना टोली (जोन डिजायन टिम) के हो ?**

- सुपरीन्टेन्डेन्ट र विद्यालयका नेतृत्ववर्गद्धारा नियुक्त हुने जोनको परिकल्पना टोली (जोन डिजायन टिम) मा निम्न तीन वर्गवाट छानिएका सरोकारवालाहरु रहन्छन् ।
    - विद्यालयका कर्मचारी (स्टाफ) हरु
    - डिस्ट्रिक्टको कर्मचारी (स्टाफ) हरु
    - प्रमुख साझेदारहरु
- जोनको परिकल्पना टोली (जोन डिजायन टीम) ले निम्न काम गर्नेछ :
    - नवीनतमताको प्रयोग र विद्यालय संरचना कार्यको प्रक्रिया निर्माण गर्ने
    - प्रक्रिया चलेको वेलामा विद्यालयहरुलाई सहयोग गर्ने
    - विद्यालयको संरचनाहरु र नवीनतमताको प्रयोगहरु सम्बन्धी कुराहरु औरोरा राज्यको शिक्षा वोर्डमा सिफारिस गरी पठाउनका लागि पर्याप्त मात्रामा ती गुणस्तरयुक्त छन् भन्ने कुराको सुनिश्चितता गर्ने

**विद्यालयको परिकल्पना टोली (स्कूल डिजायन टिम) के हो ?**

- विद्यालयहरुले जोनमा संलग्न हुनका लागि मनसाय व्यक्त गरेपछि, विद्यालयको परिकल्पना टोली (स्कूल डिजायन टिम) लाई विद्यालयको तयारी सम्वन्धी कुराको मूल्याङ्कन (स्कूल रेडिनेस एसेसमेन्ट) हरु गर्नेकाम सम्पन्न गर्नको लागि एकत्र गरिने छ, जुन कर्मचारीहरु तथा विद्यार्थीहरुलाई सहयोग गर्नको लागि निर्देशनको गुणस्तरलाई सघाउने विद्यालय प्रणालीको समीक्षाहरु हुन्।

- विद्यालयको परिकल्पना टोली (स्कूल डिजायन टिम) समग्र विद्यालय समुदायको प्रतिनिधि हुनेछ र यस्मा समावेश हुने छन् :
  - विद्यालयका कर्मचारी (स्टाफ) हरु
  - अभिभावकहरु
  - विद्यार्थीहरु (उपयुक्त भएमा)
  - प्रमुख साझेदारहरु

- विद्यालयको परिकल्पना टोली (स्कूल डिजायन टिम) हरुले निम्न काम गर्ने छन् :
  - विद्यालय तयार भएको कुराको मूल्याङ्कन (स्कूल रेडिनेस एसेसमेन्ट) र अन्य सान्दर्भिक कागजातहरुको विश्लेषण गर्ने
  - एक्सन जोनको मापदण्डसंग मिल्ने गरी विद्यालयको संरचना सम्वन्धी विकल्पहरुमा निर्णय गर्ने
  - राज्यवाट दिइने नवीनतमता हैसियतका लागि आवेदनपत्र लेख्ने
  - विद्यालयको संरचना वनाउने र त्यसलाई जोनको परिकल्पना टोली (जोन डिजायन टिम) समक्ष प्रस्तुत गर्ने

**विद्यालय तयार भएको कुराको मूल्याङ्कन (स्कूल रेडिनेस एसेसमेन्ट) भनेको के हो ?**

विद्यालय तयार भएको सम्वन्धी कुरामा मास इन्साइटले सञ्चालन गर्ने मूल्याङ्कन (स्कूल रेडिनेस एसेसमेन्ट) हरु भनेको कर्मचारीहरु र विद्यार्थीहरुलाई सहयोग गर्नमा र परिवर्तनलाई नेतृत्व गर्न तथा व्यवस्थित गर्नमा विद्यालयको क्षमताको समीक्षाहरु हुन्। विद्यालय तयार भएको कुराको मूल्याङ्कन (स्कूल रेडिनेस एसेसमेन्ट) प्रतिवेदनहरुलाई आफ्ना परिकल्पना टोली (डिजायन टिम) हरुलाई सुव्यवस्थित गर्ने काममा विद्यालयहरुले मद्दत पुर्‍याउनका लागि प्रिन्सिपलहरु र पि-२० निर्देशकहरुले प्रयोग गर्दछन्।

**विद्यालय पुनरढाँचाको लागि समयसीमा के हो ?**

विद्यालय तयार भएको कुराको लागि गरिने मूल्याङ्कन (स्कूल रेडिनेस एसेसमेन्ट) कार्यहरु अगष्टको अन्त्यतिर वा सेप्टेम्वरको शुरुतिर हुनेछन्। नवीनतमताको सम्भावना खोज्न चाहने विद्यालय समुदायहरुले पुनरढाँचा निर्माण गर्ने प्रक्रिया चलाउने कामलाई सेप्टेम्वरको अन्त्यतिर थाल्ने छन् र फल भरि नै यसलाई जारी राख्ने छन्। यस्को लक्ष्य विद्यालयले ढाँचाको पुननिर्माण गर्नु र जनवरी २०१६ मा विद्यालय समुदायहरुद्धारा खेस्रा गरिएको र सहयोग गरिएको नवीनतमता सम्वन्धी प्रयोगहरुको मस्यौदा वनाउनु हो। औरोरा पब्लिक स्कूल्सको शिक्षा वोर्डले २०१६ को हिउँद ( विन्टर) मा नयाँ ढाँचाहरुलाई तथा प्रयोगहरुलाई पुनरावलोकन गर्ने अवसर पाउने छन् र त्यसपछि कोलोराडो राज्यको शिक्षा वोर्डलाई हामी ती सामाग्रीहरु प्रस्तुत गर्नेछौं।

**के हाम्रो विद्यालयको मोडेलमा तुरुन्तै परिवर्तनहरु हुने छन् ?**

विद्यालयहरुले आफ्ना विद्यार्थीहरुलाई र परिवर्तनहरुलाई सहयोग पुर्‍याउने तरिकामा प्रत्येक वर्ष सुधारहरु गर्दछन्। तथापि, नवीनतमताको प्रयोगका लागि गरिने प्रस्तावित पुनरढाँचा तुरुन्तै देखिने छैन र नयाँ विद्यालय मोडेलहरु शैक्षिक वर्ष १०१६–१७ मा शुरु गर्ने लक्ष्य रहेको छ।

**राज्यवाट दिइने नवीनतमताको हैसियत (स्टेट इन्नोभेसन स्टाटस) को अन्तिम निर्णय कस्ले गर्दछ ?**

विद्यालयको नवीनतमताको हैसियत (स्कूल इन्नोभेसन स्टाटस) लाई एपिएसको शिक्षा वोर्ड र राज्यको शिक्षा बोर्डले स्वीकृत गर्नु पर्नेछ।

**अभिभावकहरु कसरी सहभागी हुन सक्दछन् ?**

प्रत्येक वच्चाको सिकाइमा अभिभावकको राय सुझाव र सहयोगलाई एपिएसले निकै महत्व दिन्छ। विद्यालयको पुनरढाँचामा तथा सामान्यरुपमा एक्सन जोनलाई एपिएसले सघाउने तरिकामा अभिभावकहरुले महत्वपूर्ण भूमिका खेल्दछन्। जोनको सल्लाहकार समितिमा अभिभावक प्रतिनिधिले भाग लिन्छन् र अभिभावकहरुले विद्यालयको परिकल्पना टोली (स्कूल डिजायन टिम) हरुमा रहेर पनि काम गर्दछन्। अभिभावकको राय र प्रतिक्रियालाई सदा स्वागत गरिन्छ र विद्यालयले विद्यार्थीहरुलाई कसरी सेवा दिने भन्ने कुरामा पुनरविचार गर्नका लागि दिइने राय र प्रतिक्रियाहरु विद्यालयको लागि त्यतिकै महत्वपूर्ण हुन्छन्। एपिएस अन्तरगतका विद्यालयहरु र डिस्ट्रिक्टका कर्मचारीहरुले यस प्रक्रियाभरि अभिभावकको रायसुझावहरु लिन खोज्ने छन्। अभिभावकहरुलाई नियमित रुपमा अध्यावधिक गराउन र उनीहरुले टिप्पणीहरु गर्ने तथा विद्यालयसंग एवं विद्यालयका नेतृत्ववर्गसंग प्रश्नहरु सोध्ने अवसरहरु प्रदान गर्नका लागि सामुदायिक वैठकहरु निर्धारण गरिनेछन्।

**विद्यालयको पुरनरढाँचा स्वीकृत गराउनमा प्रस्तावित एक्सन जोनमा पर्ने विद्यालयहरुका शिक्षकहरु र विद्यालय कर्मचारीहरुले के कस्तो भूमिका खेल्दछन् ?**

नवीनतमताको प्रयोग गर्नका लागि कोलोराडोको कानुन अन्तरगत शिक्षकहरु र विद्यालयका कर्मचारीहरुले सहमति दिनु पर्दछ। यदि नवीनतमताको प्रयोग गर्दा त्यस्ले उनीहरुको कामहरुमा परिवर्तनहरु गर्ने भएमा प्रयोग सम्वन्धी ती प्रावधानहरुलाई मतदानमा राखिनु पर्दछ।

**नवीनतमतालाई स्वीकृत गर्नका लागि तोकिएको समयसीमा के हो ?**

नवीनतमता सम्वन्धी आवेदनहरु एपिएसको र राज्यको शिक्षा वोर्डहरुलाई २०१६ को हिउँद (विन्टर) मा वा वसन्तऋतु (स्प्रिँग) सम्ममा पेश हुने सम्भावना छ। वोर्डहरुले आवेदनहरुलाई पुनरावलोकन गर्नेछन् र त्यसपछि एक्सन जोनमा रहन पाउने विद्यालयहरुको हैसियतलाई स्वीकृत वा अस्वीकृत गर्ने काम गर्नेछन्।